# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
## २०७९

## सिदिङ्गवा गाउँपालिका
### ताप्लेजुङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## सिदिङ्गवा गाउँपालिका

### ताप्लेजुङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## सिदिङ्वा गाउँपालिका

### ताप्लेजुङ

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, बर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५०                                                                                  मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
सिदिङ्वा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
ताप्लेजुङ।

**कैफियतसहितको राय**

हामीले सिदिङ्वा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू १ करोड ७३ लाख ८१ हजार बेरुजु देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु ९४ हजार फस्र्यौट भई बाँकी बेरुजु प्रमाण कागजात पेश गर्नुपर्ने रु १ करोड २३ लाख ५० हजार,नियमित गर्नुपर्ने रु १८ लाख ३३ हजार र पेश्की रू ३१ लाख ४ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.४ करोड ४१ लाख ४५ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु ४ करोड ९ लाख ३२ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका

व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

# सिदङ्वा गाउँपालिका ताप्लेजुङ

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३९ | २९ | १७३८१ | ० | ४ | ९४ | ३९ | २५ | १७२८७ | ० | १८३३ | १२३५० | ० | ० | १४१८३ | ३१०४ |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ४४ | शिक्षकको तलब बढी निकासा | ४०००० |
| २ | ५४.३ | सामाजिक सुरक्षा दोहोरो भुक्तानी | ४८००० |
| ३ | ४१ | जगतकाली प्रा.वि.को संचालन अनुदान बढी निकासा | ५००० |
| ४ | ३५ | राजस्व दाखिला | १००० |
| | | जम्मा | ९४००० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिदिङ्वा गाउँपालिका | ४४१४५ | ० | २०५०० | २३६४५ | ० | १७२८७ | ४०९३२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : सिदिङ्वा गाउँपालिका, ताप्लेजुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Rudra Prasad Begha | २०७८-९-२५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Surendra Katuwal | २०७९-३-१२ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १७,२८७,५३२.७५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,५९,१०,१७४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१,२९,११,००० | **चालु खर्च** | २०,२५,०४,३१३ |
| **प्रदेश सरकारबाट अनुदान** | १,९२,८४,००० | **पूँजीगत खर्च** | ९,६६,१३,३७७ |
| **राजश्व बाँडफाँट** | ५,७६,८५,४९४ | **वित्तीय/अन्य व्यवस्था** | ४,४०,९२४ |
| **आन्तरिक आय** | १५,४५,५१२ | | |
| **अन्य आय** | ५१,९७,१९८ | | |
| **कुल आय** | ३९,६६,२३,२०४ | **कुल खर्च** | २९,९५,५८,६१४ |
| **बाँकी मौज्दात** | | १२,२९,७४,७६६ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले सिदिङ्वा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । सिदिङवा गाँउपालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, २०६ वर्ग किलोमिटर क्षेत्रफल तथा १२०९९ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षण अबधिमा असुली<br><br>गाउँपालिकाको लेखापरीक्षणको क्रममा निम्न बमोजिम रु ४६१८४७७७ असुली भई सम्बन्धित खातामा बेक दाखिला भएको छ ।<br><br><table>
<tr><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>संघीय सरकारको अनुदान फिर्ता</td><td>३८०६६२४०</td></tr>
<tr><td>प्रदेश सरकारको अनुदान फिर्ता</td><td>८०४८१२१</td></tr>
<tr><td>अतिथि गृहको आम्दानी</td><td>७०४१६</td></tr>
<tr><td>जम्मा</td><td>४६१८४७७७</td></tr>
</table></td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>प्राप्ति तथा भुक्तानी हिसाब</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम सिदिङ्वा गाउपालिकाले प्राप्त गरेकोआय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०७८।७९मा प्राप्ति र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४०,५८,२०,३७९.९६ | ३९,६६,२३,२०६.३९ | | ३९,६६,२३,२०६.३९ | ३४,६६,५९,४९२.०७ | | ३४,६६,५९,४९२.०७ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ३९,९०,२४,३४० | ३९,१४,२६,००६.९८ | ० | ३९,१४,२६,००६.९८ | ३३,६१,१५,५७१.३६ | ० | ३३,६१,१५,५७१.३६ |
| ११००० कर | ११ | ६,४९,८६,३४० | ५,७६,८५,४९४.४७ | ० | ५,७६,८५,४९४.४७ | ५,४४,३५,६५१.५७ | ० | ५,४४,३५,६५१.५७ |
| १३००० अनुदान | | ३३,३१,३३,००० | ३३,२१,९५,००० | ० | ३३,२१,९५,००० | २८,०३,३२,६१७.९६ | ० | २८,०३,३२,६१७.९६ |
| संघीय सरकार | १२ | ३१,२२,४९,००० | ३१,२९,११,००० | ० | ३१,२९,११,००० | २६,६०,५९,५१६.२९ | ० | २६,६०,५९,५१६.२९ |
| प्रदेश सरकार | १२ | १,९२,८४,००० | १,९२,८४,००० | ० | १,९२,८४,००० | १,१८,७३,१०१.६७ | ० | १,१८,७३,१०१.६७ |
| अन्तरिक श्रोत | | १६,००,००० | ० | ० | ० | २४,००,००० | ० | २४,००,००० |
| १४००० अन्य राजस्व | | ९,०५,००० | १५,४५,५१२.५१ | ० | १५,४५,५१२.५१ | १३,३५,८२६.८३ | ० | १३,३५,८२६.८३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५००० विविध प्राप्ति | | ० | ० | ० | ० | ११,४७५ | ० | ११,४७५ |
| ख. अन्य प्राप्ति | | ६७,९६,०३९.९६ | ५१,९७,१९९.४१ | | ५१,९७,१९९.४१ | १,०५,४३,९२०.७१ | | १,०५,४३,९२०.७१ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ६७,९६,०३९.९६ | २०,६५,०८२.४४ | ० | २०,६५,०८२.४४ | ९०,७३,७०२.१३ | ० | ९०,७३,७०२.१३ |
| धरौटी | | ० | ३१,३२,११६.९७ | ० | ३१,३२,११६.९७ | १४,७०,२१८.५८ | ० | १४,७०,२१८.५८ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ४४,९३,१८,०८८.९६ | २९,९५,५८,६१४.३२ | | २९,९५,५८,६१४.३२ | ३४,८८,२८,५७७.६६ | | ३४,८८,२८,५७७.६६ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४४,२५,२२,०४९ | २९,९१,१७,६९०.१७ | | २९,९१,१७,६९०.१७ | ३४,१५,६३,९१५.३२ | | ३४,१५,६३,९१५.३२ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ७,२६,८६,८४५ | ४,२३,७८,३५९.८१ | ० | ४,२३,७८,३५९.८१ | १०,४६,१९,४२७.७५ | ० | १०,४६,१९,४२७.७५ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १८,७४,७२,००४ | १४,९५,६१,८१६.४१ | ० | १४,९५,६१,८१६.४१ | ६,०६,६०,११७.८० | ० | ६,०६,६०,११७.८० |
| २५००० सहायता (Subsidy) | १८ | १४,००,००० | १३,८४,१८४.७८ | ० | १३,८४,१८४.७८ | २,३९,१७,८१९.४८ | ० | २,३९,१७,८१९.४८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २६००० अनुदान | १८ | १८,२३,००० | १२,००,००० | ० | १२,००,००० | ९०,८३,२३२.६१ | ० | ९०,८३,२३२.६१ |
| २७००० सामाजिक सुरक्षा | १८ | १,०५,०४,२०० | १,०१,६२,१३९.३६ | ० | १,०१,६२,१३९.३६ | १,३४,०३,८४७.०२ | ० | १,३४,०३,८४७.०२ |
| २८००० अन्य खर्च | १८ | २१,२०,००० | १४,७०,१४० | ० | १४,७०,१४० | ३,३२,६६,०९३.४० | ० | ३,३२,६६,०९३.४० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १६,६५,१६,००० | ९,२९,६१,०४९.८१ | ० | ९,२९,६१,०४९.८१ | ९,६६,१३,३७७.२६ | ० | ९,६६,१३,३७७.२६ |
| घ. अन्य भूक्तानी | | ६७,९६,०३९.९६ | ४,४०,९२४.१५ | | ४,४०,९२४.१५ | ३४,९०,९४,५७७.६६ | | ३४,९०,९४,५७७.६६ |
| कोषहरु | | ६७,९६,०३९.९६ | ३,५७,९१० | ० | ३,५७,९१० | ६८,५४,९९७.३४ | ० | ६८,५४,९९७.३४ |
| धरौटी | | ० | ८४,३८३.७५ | ० | ८४,३८३.७५ | ६,७५,६६५ | ० | ६,७५,६६५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -१,३६९.६० | | -१,३६९.६० | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (४,३४,९७,७०९) | ९,७०,६४,५९२.०७ | | ९,७०,६४,५९२.०७ | (२१,६९,०८५.५९) | | (२१,६९,०८५.५९) |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (continued nested table below) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २,५९,१०,१७४.७४ | | २,५९,१०,१७४.७४ | ३,२३,८७,१८७.२८ | | ३,२३,८७,१८७.२८ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (४,३४,९७,७०९) | १२,२९,७४,७६६.८१ | | १२,२९,७४,७६६.८१ | ३,०२,१८,१०१.६९ | | ३,०२,१८,१०१.६९ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | १२,२९,७४,७६६.८१ | | १२,२९,७४,७६६.८१ | ५,५७,६३,६९९.६५ | | ५,५७,६३,६९९.६५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **बित्तीय बिवरण** | |
| ४.१ | | | स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणालीबाट तयारी भएको प्राप्ति तथा भुक्तानी हिसाबमा अन्तर सरकारी अख्तियारीका आम्दानी खर्च पनि समावेश गरी स्थानीय संचित कोष व्यवस्थापन प्रणालीको पुर्ण रुपमा प्रयोग गरेको पाइएन। | |
| ४.२ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ तथा नेपाल राष्ट्र बैंकको सरकारी कारोवार निर्देशिका, २०७६ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाको यस वर्षको अन्तमा चालु खर्च खातामा रु ५ करोड ६० लाख ९ हजार, पूँजिगत खातामा रु ५ करोड ६५ लाख ६७ हजार गरी रु ११ करोड २५ लाख ७६ हजार मौज्दात देखिएकोले खर्च खाता शून्य गरी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा गाउँपालिकाको संचित कोषमा स्थानान्तरण गरेको देखिएन । ऐन तथा निर्देशिका बमोजिम खर्च खाता शून्य गरी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा गाउँपालिकाको संचित कोषमा स्थानान्तरण गरीनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **बैक हिसाब मिलान**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम बैक खाता र श्रेस्ताको कारोवारको फरकलाई पुष्टि गर्ने बैक हिसाव मिलान विवरण (म.ले.प.फा.न. २१२ ) तयार गरी वित्तीय प्रतिवेदन साथ पेश गरेको देखिएन । पालिकाको देहायबमोजम श्रेस्ता अनुसार आषाढ मसान्तको बैक मौज्दात रु १२२९७४७६६।८१ देखिएकोमा सो अवधिमा बैक अनुसार बैक मौज्दात रु १३८५२५१३५.९७ देखिएकोले श्रेस्ता भन्दा बैक बढी देखिएको रु १५५५०३६९।९७ का सम्बन्धमा बैक हिसाव मिलान विवरण (म.ले.प.फा.न. २१२ ) तयार गरी बढी देखिएको रकम एकिन गरी आम्दानी बाँधिनुपर्दछ । | |

| खाताको नाम | श्रेस्ता अनुसारबाँकी | बैंक स्टेटमेण्टअनुसार बाँकी |
|---|---|---|
| चालु खर्च खाता | ५६००८९१४।११ | ३९४३४।६० |
| पूँजिगत खर्च खाता | ५६५६६६७३।८६ | १४७७०५०१।५१ |
| स्थानीय तह धरौटी खाता | ३७९०६३६।८० | ३१०७९१६।६५ |
| स्थानीय तह सञ्चित कोष खाता | ४९००००० | ६३०११२७३।३९ |
| विविध कोष खाता | ६००५८३।०३ | |
| प्रकोप व्यवस्थापन खाता | १९०७९५९।०१ | ११०७८७९।०१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>राजश्व बाँडफाँड खाता</td><td>०</td><td>३८२१२२६७।०२</td></tr>
<tr><td>आन्तरिक राजश्व खाता</td><td>०</td><td>१७५१५८५।५१</td></tr>
<tr><td>अनुदान खाता</td><td>०</td><td>१५२२०६५५।००</td></tr>
<tr><td>विविध खर्च खाता</td><td>०</td><td>७०३०४०।२५</td></tr>
<tr><td>मर्मत सम्भार कोष खाता</td><td>०</td><td>६००५८३।०३</td></tr>
<tr><td>जम्मा</td><td>१२२९७४७६६।८१</td><td>१३८५२५१३५.९७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>जिम्मेवारी हिसाब<br><br>स्थानीय तहको संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। तर पालिकाले गत वर्षको लेखा परिक्षण प्रतिवेदन अनुसार आर्थिक वर्षको अन्त्यमा रु. २७५१८८१२ मौज्दात भएकोमा यो वर्षको प्राप्ती तथा भुक्तानी हिसाबमा रु २५९१०१७४. जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवदेनमा उल्लेख भएको भन्दा रु १६०८६३८।०० घटी जिम्मेवारी सारेको सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>दाखिला गर्न बाकी कर<br><br>आयकर ऐन मूल्य अभिवृद्धि कर ऐन तथा अन्य कानुन बमोजिम कट्टि भएको रकम सम्बन्धित खातामा दाखिला नभइ बैक नगदी किताबको विविध खातामा नै मौज्दातमा रहेकोले राजस्व तथा अन्य शीर्षकको सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु<br>
<table>
<tr><td>विवरण</td><td>मौज्दात रहेको रकम</td></tr>
</table>
</td><td>४६४,२१९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>पारिश्रमिक कर, बहाल कर, सामाजिक सुरक्षा कर</td><td>४६४२१९</td></tr><tr><td>जम्मा</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>अनुदान फिर्ता<br><br>विनियोजन ऐन, २०७८ को दफा ४ (१२) मा सशर्त, समपुरक र विशेष अनुदानको रकम आर्थिक वर्ष भित्र खर्च नभइ बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र संघीय सञ्चित कोषमा दाखिला गनुपर्ने व्यवस्था छ । त्यस्तै प्रदेश नं १ को विनियोजन ऐन, २०७८ को दफा ४(१३) मा सशर्त, समपुरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभइ बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गनुपर्ने व्यवस्था छ । पालिकाको प्राप्ती तथा भुक्तानी हिसाब बमोजिम सशर्त, समपुरक र विशेष अनुदानको रकम रु. ४६११४३६१ असार मसान्तसम्म खर्च नभई मौज्दातमा रहेको देखिएको छ । ऐन अनुसार संघीय सञ्चित कोषमा रु.३८०६६२४० र प्रदेश सञ्चित कोषमा रु.८०४८१२१ गरी जम्मा ४६११४३६१।०० सम्बन्धित खातामा २०७९।५।१९ गते दाखिला गरेको छ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली<br><br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिकाले कार्यसञ्चालन सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बजेट व्यवस्थापनतर्फ<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको पाइएन ।<br>• गाउँपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको अनुसूची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकालेे सो बमोजिमको मध्यमकालिन खर्च संरचना तयार गरेको पाईएन ।<br>• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकीकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार गरेको पाइएन ।<br>• गाउँपालिकाले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरेको पाईएन ।<br>• गाउँपालिकाले यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको,पाईएन ।<br>• भ्रमण खर्च व्यवस्थापनतर्फ<br>• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित गरेको पाइएन,<br>• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरे गरेको देखिएन<br>• खरिद व्यवस्थापन तर्फ<br>• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको देखिएन ।<br>• सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने मा तयार गरेको देखिएन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन ।<br>• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी लागु भएको देखिएन ।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको देखिएन ।<br>• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरेकोमा , अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार गरेको देखिएन ।<br>• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन गरेको देखिएन ।<br>• गाउँपालिकाले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखेको देखिएन ।<br>• शिक्षातर्फ<br>• गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको देखिएन ।<br>• विद्यालय अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको देखिएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिईएको देखिएन<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसँग सम्बन्धित फाराममा अभिलेख राखेको पाइएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा व्यक्तिगत नाममा रहेको पेश्की तथा बेरुजु र कोष तथा खातामा बाँकी रहेको रकम गाउँपालिकामा जिम्मेवारी सारेको र नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गरेको देखिएन ।<br>• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेको र अद्यावधिक भएको पाईएन ।<br>• म. ले. प. फाराम ९०६ बमोजिम सवारी साधन र मेसिनरीको मर्मत अभिलेख राखि अद्यावधिक भएको पाईएन ।<br>• जिन्सी निरीक्षण गरी प्रतिवेदन गर्नुपर्नेमा जिन्सी निरीक्षण गरेको पाईएन ।<br>• सरकारी सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा जिन्सी लेखा अद्यावधिक गरेको पाइएन, | |
| १० | | | **आन्तरीक लेखापरीक्षण**<br><br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व ऐन २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आन्तरिक लेखापरीक्षण गराएको छैन । कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ११ | | | **सम्पत्ति उपयोग र संरक्षण**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरूमा रहेका सम्पत्तिहरूको विवरण देहाय अनुसार छ । | |

| मुख्य सम्पति तथा मालसामानको नाम | जग्गाको क्षेत्रफल | भवन तथा सवारीको परिमाण | मूल्य रकम | प्रयोग/कैफियत |
|---|---|---|---|---|
| जग्गा | ५९-१२-१-२ | ९ | - | - |
| जे सि बि | | १ | ३८४५००० | विगत आ. व मा खरिद भएको |
| जिप | | १ | २४६०००० | विगत आ. व मा खरिद भएको |
| मोटरसाईकल | | १४ | ४९६४३९८ | विगत आ. व मा खरिद भएको |
| एम्बुलेन्स | | १ | १०४१७८७ | विगत आ. व मा खरिद भएको |

उल्लेखित विवरण आधारमा अवलोकन गर्दा गाउँपालिकाले जे.सी.वि. तथा एम्बुलेन्स सञ्चालन कार्यविधि बमोजिम प्रभावकारी कार्यान्वयन गरी प्रयोगको अभिलेख व्यवस्थित नभएको र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।३।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा सम्पति,साविकका संघीय विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख सम्पत्ति प्राप्त गरी पालिकाको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा अद्यावधिक गरेको नदेखिकोले पालिकाको सम्पत्तिको लेखांकन अद्यावधिक गरी सम्पत्तिको उपयोग तथा संरक्षण गरिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **सार्वजनिक जग्गा तथा सम्पत्तिको संरक्षण**<br><br>स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ९७ मा पलिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्वजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख तथा अनुगमन गरेको देखिएन। सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख राखि अनुगमन नभएको कारण समेतबाट सार्वजनिक,पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन हुन सकेन । कानुन बमोजिम अभिलेख तथा अनुगमन गरी सार्वजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरिनुपर्दछ । | |
| १३ | | | **मेशिनरी तथा एम्बुलेन्को हिसाब**<br><br>गाउँपालिकाले जेसिवि र एम्बुलेन्स गत विगत देखि खरिद गरी प्रयोगमा ल्याएको छ । प्रयोगमा ल्याएको उल्लेखित जेसिवि र एम्बुलेन्सको कार्यालयले छुट्टैआम्दानी तथा खर्चको हिसाब विवरण तयार गरेको छैन । साथै जेसिवि र एम्बुलेन्सबाट निशुल्क प्रयोगमा ल्याउदा कहा कति परीमाणको कार्य गरेको अभिलेख राखेको छैन । लेखापरीक्षणमा सो सम्पत्तिको उपयोग सो बाट प्राप्त हुने राजस्वको विवरण पेश नभएकोले जेसिवि र एम्बुलेन्सको वर्षभरीको आम्दानी तथा खर्च एकिन गरी बिश्लेषण गर्न सकीएन । जेसिवि र एम्बुलेन्सको कार्यालयले छुट्टैआम्दानी तथा खर्चको हिसाब तयार गरी सार्वजनिक प्रयोगको विश्लेषण गरीनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **कानून निर्माण एवं कार्यान्वयन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ३० नमूना कानून उपलब्ध गराएको देखिएको र स्थानीय तहको लागि ४० भन्दा बढी कानून आवश्यक पर्ने अवस्था रहेको छ । गाउँपालिकाले हालसम्म ५ ऐन ३ नियमावली १३ कार्यविधि तथा ३ निर्देशिका र २ नर्म्स आदी निर्माण गरी कार्यान्वयनमा आएकोमा सेवा प्रवाहको लागि आवश्यक पर्ने कानून, राजस्व सङ्कलन र खर्च व्यवस्थापनलाई व्यवस्थित गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानून बनाएको देखिएन । आवश्यकता अनुसारका कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा समेत प्रभावकारिता आउनसकेको छैन । कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आवश्यक कानून बनाई गाउँपालिकाको कार्यप्रकृयालाई व्यवस्थित गरिनुपर्दछ । | |
| १५ | | | **न्यायिक समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्ममा अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाको गतवर्ष फछ्र्यौट कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी भएको १ वटा र यो वर्ष थप भएको ४ वटा गरी कुल ५ विवाददर्ता भएकोमा ३ मात्र फछ्र्यौट भई १ फछ्र्यौट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **कर्मचारी दरबन्दि र पदपुर्ति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ । गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४२ दरबन्दी स्वीकृत रहेको विवरण प्राप्त भएकोमा प्रमुख प्रशासकीय अधिकृत बाहेक १४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत सातौ सहित २८ पदहरुरिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य प्रदेश लोकसेवा आयोगमार्फत छिटो पूर्ती गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १७ | | | **बजेट तथा कार्यक्रम**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान, सोही ऐनको दफा ६५,६६,६७ र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुँदा ५ बमोजिम प्रक्रिया पुर्य ई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने र ऐनको दफा ७१ (६) बमोजिम असार मसान्त भित्र बजेट पारित गरीसक्नुपर्ने व्यवस्था छ । पालिकाले आ. ब.२०७८।७९ को वार्षिक कार्यक्रम तथा बजेट देहाय बमोजिम मिति २०७८।४।२५ मा रु ४२ करोड ७९ लाख १८ हजार बजेट सभा समक्ष पेश गरी सभाले मिति २०७८।५।२ मा बजेट पारित गरेको छ। पारित गरेको बजेट ऐनले तोकेबमोजिम र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमादिग्दर्शनको देहाय प्रकृया तथा कार्यतलिकाको अवधिभित्र कार्य भएको नदेखिएकोले तोकिएको प्रकृया तथा कार्यतालिका बमोजिम बजेट पारित गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| बजेट तयारी चरण | नियममा रहेको अवधि | कार्य भएको मिति | कानूनी व्यवस्था |
|---|---|---|---|
| स्थानीय राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरी कार्यपालिकामा पेश गरी गर्नुपर्ने । | प्रत्येक बर्ष पौष १५ भित्र | - | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५,र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुदा ५ |
| आगामी आर्थिक बर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको विवरण नेपाल सरकारमा पेश गर्ने । | पौष मसान्त भित्र | - | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १८ |
| स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले श्रोतको प्रक्षेपण, सन्तुलित वितरणको खाका, बजेट सीमा निर्धारण गर्ने । | प्रत्येक वर्षको बैशाख १० गते भित्र सम्पन्न गरिसक्नु | २०७८।४।२ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६( ६) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५ |
| आगामी आर्थिक वर्षको बजेट सीमा, गाउँपालिका, विषयगत महाशाखा,शाखा तथा वडा समितिलाई पठाउने । | प्रत्येक वर्षको बैशाख १५ | - २०७८।४।२ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६( ७) र स्थानीय तहको वार्षिक |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>गते भित्र सम्पन्न गरिसक्नु</td><td></td><td>योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५</td></tr>
<tr><td>प्राप्त बजेटको सिमाभित्र रहि विषयगत माहाशाखा,शाखा तथा वडा समितिले पालिकाको योजना,कार्यक्रम तथा अनुमानित, बजेट तर्जुमा गरी पेश गर्नुपर्ने ।</td><td></td><td>२०७८।४।२५</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६( ८) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ५</td></tr>
<tr><td>बजेट तथा कार्यक्रम तर्जुमा समितिले विषयगत महाशाखा,शाखा तथा वडा समिति बाट प्राप्त बजेट प्राथमिकीकरण गरी अन्तिम प्रस्ताव कार्यपालिकामा पेश गरी कार्यपालिकाबाट स्वीकृत गर्नु पर्ने।</td><td>असार ५ गते भित्र</td><td>२०७८।४।२४</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुँदा ५</td></tr>
<tr><td>गाउँ कार्यपालिकाबाट स्वीकृत भएको वार्षिक बजेट तथा कार्यक्रम उपाध्यक्ष वा उपप्रमुख वा निजको असमर्थतामा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्य मार्फत गाउँ वा नगर सभामा प्रस्तुत गरी सक्नु पर्ने ।</td><td>असार १० गतेभित्र</td><td>२०७८।४।२५</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(१)</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>बजेट तथा कार्यक्रम सभाले पारित गरिसक्नु पर्ने</td><td>असार मसान्त भित्र</td><td>२०७८।५।२</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(६)</td></tr>
<tr><td>सभाले स्वीकृत गरेको वार्षिक बजेट तथा कार्यक्रम सर्वसाधारणको जानकारीको लागि प्रकाशन र सम्बन्धित पालिकाको वेवसाईटमा अपलोड गर्नु पर्ने ।</td><td>श्रावण १५ भित्र</td><td>२०७८।७।३०</td><td>स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बुदा ५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>योजना प्राथमिकीकरण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम गाउपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागु गर्नुपर्ने र योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकीकरण गर्नुको साथै मध्यम तथा दीर्घकालीन प्रकृतिका योजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। गाउँपालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा बजेटको ठूलो अंश देहायबमोजिम छुट्याइएको अवस्था छ। साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>क्र. सं.</td><td>विवरण</td><td>योजना संख्या</td><td>खर्च रकम</td></tr><tr><td>१</td><td>१ लाख भन्दा कमको योजना</td><td>३</td><td>१३९८९५</td></tr><tr><td>२</td><td>एक लाख एक देखि पाँच लाख सम्मका योजना</td><td>७३</td><td>१९६६६३७०</td></tr><tr><td>३</td><td>५ लाख देखि १० लाख सम्मका योजना</td><td>३२</td><td>१७८४०५०७</td></tr><tr><td>४</td><td>दश लाख एक देखि ५० लाख सम्मका योजना</td><td>६</td><td>८१५४८९७</td></tr><tr><td>५</td><td>५० लाख भन्दा माथिका</td><td>५</td><td>३४५२१६६७</td></tr><tr><td></td><td>जम्मा</td><td>११९</td><td>४००१५४२८</td></tr></table> | |
| १९ | | | **कार्यक्रम कार्यान्वयन**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । त्यस्तै बजेट कार्यन्वयन गर्दा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुँदा ६ र ७ देहाय बमोजिमको प्रक्रिया पुऱ्याइ बजेट तथा योजना कार्यान्वयन गर्नपर्ने ब्यबस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०७८।७९ को बार्षिक बजेट २०७८ भाद्र २ मा सभावाट स्वीकृत गरेकोमा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई मिति २०७७।५।४ मा बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको भएपनि बजेट कार्यान्वयनका देहाय चरणहरुको कार्यान्वन गरेको देखिएन । ऐनले तोकेबमोजिम र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, प्रक्रिया तथा कार्यतालिका बमोजिम बजेट कार्यान्वयन प्रक्रियालाई अवलम्वन गरीनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| बजेट कार्यान्वयनका चरण | नियममा रहेकोअवधि | कार्य भएको मिति | कानूनी व्यवस्था |
|---|---|---|---|
| अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेटखर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने । | सभावाट बजेट स्वीकृत भएको सात दिन भित्र | २०७८।५।४ | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ |
| प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत कार्यक्रम सम्बन्धित विभाग/ महाशाखा/ शाखा /इकाइ प्रमुखलाई लिखित रुपमा योजना कार्यान्वयनको जिम्मा दिनुपर्ने । | अख्तियारी प्राप्त भएको १५ दिनभित्र | - | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ |
| सम्बन्धित विभाग/ महाशाखा/ शाखा/ ईकाइ प्रमुखले कार्यक्रम कार्यान्वयनको कार्यतालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्ने । | योजना कार्यान्वयनको जिम्मा प्राप्त भएको मितिले ७ दिनभित्र | - | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ |
| सबै विभाग/ महाशाखा /शाखा / इकाइ प्रमुख बाट प्राप्त कार्ययोजनालाई प्रमुख प्रशासकीय अधिकृतले एकिकृत गरी एकीकृतकार्यान्वयन कार्ययोजना कार्यपालिका समक्ष पेश गर्नु पर्ने । | | - | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| गाउँ / नगर कार्यपालिकाले वार्षिक खरिद योजना तथा गुरुयोजना स्वीकृत गरी सो अनुरुप खरिद कार्यको व्यवस्थापन गर्नुपर्ने । | आर्थिक वर्ष शुरु भएको एक महिना भित्र | - | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुदा ६ |
| अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी, समितिले काम गरेको प्रतिवेदन प्रत्येक २ महिनामा कार्यपालिकामा पेश गर्नुपर्ने र कार्यपालिकाले अनुगमन तथा सुपरीवेक्षण समितिको प्रतिवेदनको आधारमा योजना कार्यन्वयनमा देखिएका त्रुटिहरु सच्चाउन तथा समय र गुणस्तर कायम गर्न सम्बन्धित पक्ष (उपभोक्ता समिति,निर्माण व्यवसायी,परामर्शदाता र कर्मचारीलाई आवश्यक निर्देशन दिनुपर्ने । | एकिकृत गरी एकीकृतकार्यान्वयनकार्यय ाेजना कार्यपालिका समक्ष पेश गरेको १५ दिन भित्र समितिले कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने | - | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(४) ख (५)र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुँदा ६.२.१ र ६.२.१ |
| वडा अनुगमन समिति गठन गरी वडास्तरिय योजना अनुगमन गर्दा देखिएको विषयका सम्बन्धमा अनुगमन तथा सुपरीवेक्षण समितिलाई नियमित रुपमा जानकारी गराउनुपर्ने । | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(४) ग (४) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४को बुँदा ६.२.३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पालिकाले ५ करोड भन्दा बढि लागतका आयोजनाको योजना सम्पन्न भएको २ बर्ष भित्र तेश्रो पक्षबाट प्रभाव मूल्याङकन गराउनुपर्ने</td><td></td><td>योजना नभएको</td><td>स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुँदा ६.२.४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>
कार्यक्रम संसोधन<br><br>
आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३३(१) मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तरगतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा वा स्वीकृत कार्यक्रम भित्रको अन्य कुनै क्रियकलापमा खर्च गर्नुपर्ने अवस्था भएमा त्यस्तो कार्य सम्पन्न गर्न नसक्नुका कारण तथा नयाँ कार्यक्रम सञ्चालन गर्नुपर्ने आधार उल्लेख गरी विनियोजन ऐनको परिधिभित्र रही आवश्यकता तथा औचित्य समेतको आधारमा कार्यक्रम संशोधन गरी बजेट सूचना प्रणालीमा अद्यावधिक गर्न लगाउनुपर्ने व्यवस्था छ । त्यस्तै विनियोजन ऐन, २०७८ को दफा ३ को उपदफा ३ मा स्विकृत बजेट रकमान्तर गर्दा कुनै शीर्षकमा विनियोजन गरेको भन्दा १० प्रतिशत बढी रकमान्तर गर्न नपाईने उल्लेख छ । गाउँसभाले यस वर्ष स्वीकृत बजेट उपशिर्षक ४८.६९ प्रतिशत सम्म रकमान्तर गरी देहाय बमोजिम रु २ करोड २६ लाख ८१ हजारका कार्यक्रम संशोधन गरेको देखिएको छ । बजेट बिनियोजन गर्दा नै यथार्थ हुनेगरी विनियोजन ऐनमा समावेश गरी ऐनको परिधिभित्र रही खर्च गर्नुपर्नेमा संधिय बिनियोजन ऐन बिपरित सिमाभन्दा बढी रकमान्तर गरी कार्यक्रम संसोधन गर्नु उपयुक्त होईन ।<br><br>
<table>
<tr><td>बजेट उपशिर्षक</td><td>स्विकृत शुरु बजेट</td><td>थप</td><td>घट</td><td>प्रतिशत</td></tr>
<tr><td>संघिय समानिकरण अनुदान</td><td>१०४८०००००</td><td>१४३३१०००</td><td>१४३३१०००</td><td>१३.६७</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>प्रदेश समानिकरण</td><td>५९५६०००</td><td>२९०००००</td><td>२९०००००</td><td>४८.६९</td></tr>
